☎ ६६३७८७२/६६३७८७३
Email: tscapplication1@gmail.com
Website: www.tsc.gov.np

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

प.सं.: ०८०/८१
च.नं.: १४२

मितिः २०८०।०५।११

श्री ७७ वटै शिक्षा विकास तथा समन्वय इकाइ

विषयः आवश्यक सहयोग र सहजीकरण सम्बन्धमा ।

शिक्षक सेवा आयोगबाट मिति २०८० भाद्र ११ गते प्रकाशित माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको द्वितीय र प्रथम श्रेणीको कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा हुने शिक्षक पदको सूचना बमोजिम सम्पूर्ण इकाइहरुले आफ्नो जिल्लाभित्र कार्यरत २०७९ चैत्र मसान्तसम्म पाँच शैक्षिक सत्र पुरा गरेका शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन बढुवाको दरखास्त फाराम सूचनामा तोकिएबमोजिम र देहायको आधारमा मिति २०८०/०६/१५ गतेभित्र दर्ता गरी म्याद समाप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित प्रदेश स्थित शिक्षा विकास निर्देशनालयमा पठाई आवश्यक सहयोग र समन्वय गरी दिनु हुनका साथै शैक्षिक सत्र २०७९ को कासमु फाराम मूल्याङ्कन गरी निर्देशनालयमा पठाइदिनु हुन समेत अनुरोध गर्दछ ।

(केशव प्रसाद दहाल)
प्रशासकीय प्रमुख

१. कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा उम्मेदवारले दरखास्त फाराम साथ पेस गरेको छ/छैन रुजु गरी बुँदा नं. २ मा उल्लेखित कागजातहरुको विवरण सिलसिलेवार रुपमा राख्न लगाउने ।
२. कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा उम्मेदवारले दरखास्त फरामसाथ फाइलमा राख्नु पर्ने सिलसिलेवार कागजातहरुको विवरण देहाय बमोजिम रुजु गरी संलग्न गरेको देखिएमा ठिक (√ सङ्केत) र संलग्न नभए देखिएमा क्रस (× सङ्केत) अनिवार्य गर्ने ।
    १. दरखास्त फाराम,
    २. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
    ३. दरखास्तमा उल्लेख भएबमोजिमको अनुभव/सेवा प्रमाणित पत्र,
    ४. अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
    ५. सरुवा भएको भए सरुवा पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपि,
    ६. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
    ७. स्थायी भएपश्चात सरुवा भएको भए सरुवा पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपि,
    ८. बढुवा भएको भए बढुवा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

☎ ६६३७८७२/६६३७८७३
Email: tscapplication1@gmail.com
Website: www.tsc.gov.np

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

प.सं.: ०८०/८१
च.नं.: ९४२

९. बढुवा भएपश्चात सरुवा भएको भए सरुवा पत्र र रमाना पत्रको प्रमाणित प्रतिलिपि,
१०. न्यूनतम योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
११. माथिल्लो तहको शैक्षिक योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (एकभन्दा बढी भए क्रमश: माथिल्लो तहको शैक्षिक योग्यताको सिलसिलेवार रुपमा),
१२. तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
१३. टिपिडिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
१४. अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,
१५. अपाङ्गता र दलित भए सम्बन्धित अधिकारीबाट प्रमाणित पत्र ।

३. रीतपूर्वकको दरखास्त दिने उम्मेदवारहरुको देहायको ढाँचामा माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको श्रेणीगत र जिल्लागत रुपमा दरखास्त दर्ता किताब अलग अलग तयार गरी दर्ता गर्ने ।

प्रदेश: जिल्ला नाम: तह: श्रेणी:

क्र.सं.	दर्ता नम्बर	शिक्षक सङ्केत नम्बर	शिक्षकको नामथर	कार्यरत विद्यालयको नाम र ठेगाना	राजश्व बुझाएको रकम	कैफियत

४. कार्यसम्पादन मूल्याङ्कन बढुवाको दरखास्त फाराम र कागजातको सिलसिलेवार विवरणको निर्दिष्ट स्थानमा तोकिएको पदाधिकारी र रुजुकर्ताले अनिवार्य रुपमा दस्तखत गरी कार्यालयको छाप लगाउनु पर्नेछ ।

५. दरखास्त सङ्कलन लगायत सूचनाका सम्बन्धमा कुनै समस्या वा जिज्ञासा भएमा आयोगको फोन नं. ०१६६३७८७३ र ०१६६३८१५१ मा सम्पर्क गर्न सकिनेछ ।

प्रशासकीय प्रमुख